library NEPAL

# पाठ ५: ठुला बालबालिकाहरूका लागि कथाबाहेकका अन्य पाठ (गैह्रआख्यान्)

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# पाठ ५: ठुला बालबालिकाहरूका लागि कथाबाहेकका अन्य पाठ (गैह्रआख्यान्)

पाठ ५ ले सत्यकथाका सामग्रीहरूलाई समेट्छ र तपाईंको अध्ययन समूहलाई मानचित्र पुस्तिकाहरू, शब्दकोशहरू, विश्वकोशहरू, र इन्टरनेटलाई सहज तरिकाले सन्दर्भ उपकरणको रूपमा प्रयोग गर्न सहायता गर्नेछ । तपाईंले यो सत्रभन्दा अगि यी पुस्तकहरू पुस्तकालयमा कहाँ पाउन सकिन्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् र गैह्रआख्यानहरू तथ्यमा आधारित हुन्छन् र कथाभन्दा भिन्न हुन्छन् भनेर तपाईंको समूहलाई थाहा होस् भनेर पनि सुनिश्चित गर्नुहोस् । यस प्रस्तुतीले तपाईंलाई हरेक कार्यपुस्तिकाको सारांश प्रदान गर्नेछ र केही क्रियाकलापहरूको निम्ति आवश्यक सामग्री र सहयोगी सुझावहरूको सुची पनि दिलाउनेछ ।

यस पाठमा भएका क्रियाकलापहरूमा धेरै सीपहरू सामेल छन्, जसमा समूहमा छलफल गर्ने, अध्ययन गर्ने, मुख्य जानकारी पहिचान गर्ने, लेख्ने, चित्र बनाउने, कम्प्युटरको प्रयोग गर्ने, र स्वतन्त्र रूपमा र समूह दुवैमा कार्य गर्ने जस्ता क्रियाकलापहरू समावेश हुन्छन् । यी क्रियाकलापहरूलाई संकेतहरूद्वारा जनाइएको छः


छलफल क्रियाकलाप


लेख्ने क्रियाकलाप


चित्र बनाउने क्रियाकलाप


अध्ययन र अनुसन्धान क्रियाकलाप


कम्प्युटर क्रियाकलाप


स्वतन्त्र रूपमा कार्य गर्ने


दुई जनाको समूहमा काम गर्ने


समूहमा कार्य गर्ने

यस्तो संकेत भएको कार्यपुस्तिकामा तपाईंले अतिरिक्त सल्लाहहरू पाउन सक्नुहुनेछ ।



elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# कार्यपुस्तिकाहरूको प्रयोग कसरी गर्ने

हरेक एकाइका क्रियाकलापहरू एकपट्टिमात्र प्रिन्ट गरिएका कार्यपुस्तिकाहरूमा समेटिएका छन् ।

सम्भव भएसम्म, समूहमा बाँड्नको निम्ति कार्यपुस्तिकाहरू प्रिन्ट गर्नुहोस् ।

तर यसो गर्न सम्भव नभएमा चिन्ता नगर्नुहोस् । त्यसको निम्ति तपाईंले दिइएका कुरा गर्न सक्नुहुन्छः

- यदि तपाईंसँग कम्प्युटर छ भने कम्प्युटर स्क्रिनमा देखाउनुहोस् ।
- मोबाइलको प्रयोग गरेर सबै विद्यार्थीलाई देखाउनुहोस् ।
- क्रियाकलाहरूलाई ठूलो सेतो/कालो पाटीमा लेख्नुहोस् ।
- सत्र सुरु गर्नु अगाडि कार्यपुस्तिकालाई हेर्नुहोस् र तपाईंको अध्ययन समूहसँग गर्ने क्रियाकलापहरूको नोट बनाउनुहोस् ।

तपाईंले कुनै पनि कुरा प्रिन्ट गर्नुपर्ने वा पुस्तकालयमा स्क्रिनमा देखाउनु पर्ने बाध्यता छैन ।
यी सामाग्रीहरूलाई अवधारणाहरूको रूपमा प्रयोग गर्नुहोस्, तिनलाई स्मरण गर्नुहोस्, तिनीहरूको बारेमा अरूलाई बताउनुहोस् र ती अवधारणाहरूको प्रयोग गर्नुहोस् ।
सामाग्रीहरूको अभाव छ भने, लेख्ने र चित्र कोर्ने क्रियाकलापहरूलाई समूहिक छलफल क्रियाकलापमा बदल्न सक्नुहुन्छ । विद्यार्थीहरूले लेख्नु वा तिनीहरूले बनाएको चित्रको वर्णन गर्नुको साटो कथा भन्न सक्छन् । यी क्रियाकलापहरूलाई पुस्तकालयमा उपलब्ध सामाग्री अनुसार अनुकूल तरिकाले प्रयोग गर्न सकिन्छ ।

तपाईंले यी सामाग्रीहरू जुनसुकै बेला डाउनलोड गर्न सक्नुहुन्छ र तिनीहरूलाई कम्प्युटर, स्थानीय संजाल (नेटवर्क) वा तपाईंको फोनमा राख्न सक्नुहुन्छ । यसको निम्ति तपाईंले www.library-nepal.com मा जानुपर्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

# १) मानचित्र पुस्तिकाको प्रयोग

यस सत्रमा, अध्ययन समूहले सात महादेशहरू पत्ता लगाउनेछन् र अङ्कित गर्नेछन्, अरू देशहरूबारे छलफल गर्नेछन्, विश्व नक्सामा नेपाललाई फेला पार्नेछन्, नेपालको वरिपरि भएका देशहरूको सुची तयार गर्नेछन् र कुनै अर्को देशको झन्डाको चित्र बनाउनेछन् ।

---

## सामग्री:

- एउटा मानचित्र पुस्तिका
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)
- चित्र बनाउनको निम्ति विभिन्न रङ्गका कलमहरू र खाली पाना (ऐच्छिक)


---

## क्रियाकलापका निम्ति उपायहरू:

१. यदि तपाईंसँग पर्याप्त कार्यपुस्तिकाहरू छैनन् भने, तपाईंले एउटा साधारण नक्सा कोर्न सक्नुहुन्छ, जुन समूहले हेर्न सक्छन् । (क्रियाकलाप ३ मा पनि यही लागु हुन्छ ।)

२. छलफलका निम्ति सम्भाव्य प्रश्नहरू:
•तपाईंलाई कुन-कुन देशहरूबारे थाहा छ ?
•के तपाईंलाई कुनै परिचित ठाउँहरूबारे थाहा छ ?
•के तपाईं यात्रा गर्न चाहनुभएको कुनै निश्चित देश छ ?

४. यदि तपाईंसँग पर्याप्त पाना छैन भने, यसको विषयमा बातचित मात्र गर्न सकिन्छ !


मानचित्र पुस्तिकाको प्रयोग गर्नु
पाठ ५ ठुला बालबालिकाहरूका लागि कथाबाहेकका (गैह्रआख्यान) अन्य पाठ

मानचित्र पुस्तिका यस्तो पुस्तक हो जसमा यस संसारका धेरै नक्साहरू वा मानचित्रहरू हुन्छन् । तपाईंले गाउँहरू, सहरहरू र देशहरू पत्ता लगाउन मानचित्र पुस्तिकाको प्रयोग गर्न सक्नुहुन्छ । यस सत्रमा, तपाईंले अरू देशहरू, महादेशहरू र झन्डाहरूबारे सिक्नुहुनेछ अनि नेपाल कसरी बाँकी संसारसँग सम्बन्धित छ भन्ने विषयलाई हेर्नुहुनेछ ।

१. यो संसार सात महादेशमा विभाजित छ । ती महादेशहरूलाई मानचित्र पुस्तिकामा पत्ता लगाउनुहोस् । के तपाईंले ती महादेशहरूलाई नक्सा वा मानचित्रमा अङ्कित गर्न सक्नुहुन्छ ?

१) २) ३) ४) ५) ६) ७)

२. तपाईंले सुन्नुभएका तिन देशहरू पत्ता लगाउनुहोस् । यी देशहरूको विषयमा तपाईंलाई के थाहा छ ? समुहलाई बताउनुहोस् ।

क्रियाकलाप १ र ३ कार्यपत्रविना नै गर्न सकिन्छ । केवल साधारण नक्सा कोर्नुहोस् !

३. के तपाईंले मानचित्र पुस्तिकामा नेपाल फेला पार्नुभयो ? त्यसलाई एउटा नक्सामा कोर्नुहोस् !

४. लको वरिपरि भएका देशहरूको सुची बनाउनुहोस् ।

विद्यार्थीहरूलाई संसारको बारेमा के थाहा छ भन्ने कुरा पत्ता लगाउनुहोस् ! कुन-कुन देशहरू र परिचित भुमि-चिन्हहरूबारे तिनीहरूलाई थाहा छ ? के तिनीहरू कतै यात्रा गर्न चाहन्छन् ?

५. हरेक देशको आ-आफ्नै झन्डा हुन्छ । तपाईंलाई थाहा भएका देशहरूको झन्डालाई मानचित्र पुस्तिका वा इन्टरनेटको माध्यमबाट पत्ता लगाउनुहोस् । तपाईंलाई सबैभन्दा मनपर्ने झन्डाको चित्र बनाउनुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

# २) शब्दकोशको प्रयोग

यस सत्रमा, अध्ययन समूहले शब्दकोशहरूबारे छलफल गर्नेछन्, ती शब्दकोशहरूमा वस्तुहरूको परिभाषाको खोजी गर्नेछन्, जोडी-जोडीमा खेल खेल्नेछन्, चुनेका शब्दहरूलाई प्रयोग गरी वाक्यहरू रच्नेछन् र नामपदहरू, क्रियापदहरू र विशेषणहरूका आधारमा चित्र बनाउने, अभिनय गर्ने, र लेख्ने क्रियाकलापहरू गर्नेछन् ।

## सामग्री:

- एउटा शब्दकोश
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)
- चित्र बनाउनको निम्ति विभिन्न रङ्गका कलमहरू र खाली पाना (ऐच्छिक)


## क्रियाकलापका निम्ति सुझावहरू:

२. तपाईंले पुस्तकालयमा पाउन सक्नुहुने वस्तुहरू: पुस्तक, कम्प्युटर, दराज, झ्याल, कुर्चि, डेस्क, आदि ।

३. तपाईंले समूहलाई पाँच वटा शब्दहरू पत्ता लगाउन दिन सक्नुहुन्छ । सबैभन्दा छिटो हुने जोडीचाहिँ विजयी हुनेछ !

४. यदि तपाईंको समूह धेरै ठुलो छ भने, तपाईंले एउटा अनुच्छेद लेख्न सक्नुहुन्छ ।

५. नामपद: नाउँ जनाउने शब्द: *कलम, पुस्तकालय*
क्रियापद: कार्य जनाउने वा हुने शब्द: *पढ्नु*
विशेषण: वर्णन गर्ने शब्द: *खुसी*


शब्दकोशको प्रयोग
पाठ ५ ठुला बालबालिकाहरूका लागि कथाबाहेकका (गैह्रआख्यान)अन्य पाठ

तपाईंले कुनै शब्दको हिज्जे वा अर्थ थाहा गर्नको निम्ति शब्दकोशको प्रयोग गर्न सक्नुहुन्छ । शब्दहरूलाई सजिलै पत्ता लगाउन सकियोस् भनेर तिनीहरूलाई वर्णानुक्रम अनुसार मिलाइएको हुन्छ । यस सत्रमा, तपाईंले शब्दकोशलाई कसरी प्रयोग गर्ने र यो किन उपयोगी छ भन्ने विषयमा अध्ययन गर्नुहुनेछ ।



१. शब्दकोशको विषयमा तपाईंलाई के थाहा छ ? तपाईंका विचारहरूलाई समुहसँग छलफल गर्नुहोस् ।

शब्दकोशको उद्देश्य के हो, तिनीहरू किन उपयोगी छन् र ती कसरी काम गर्छन् भन्ने विषयहरूमाथि छलफल गर्नुहोस् ।

२. पुस्तकालयको वरिपरि हेर्नुहोस् र कुनै दुई वस्तुहरू फेला पार्नुहोस् । के तपाईंले ती वस्तुहरूको परिभाषालाई शब्दकोशमा भेट्टाउन सक्नुहुन्छ ?

३. जोडी-जोडीमा एउटा खेल खेल्नुहोस् ! पालैपालो एउटा शब्दलाई ठुलो स्वरमा भन्नुहोस् । तपाईंको साथीले त्यो शब्दलाई सकेसम्म छिटो शब्दकोशमा भेट्टाउनुपर्छ र त्यसको परिभाषालाई ठुलो स्वरमा बताउनुपर्छ ।

४. एउटा शब्दकोशलाई समुहमा पालैपालो गरी सबैकहाँ पुऱ्याउनुहोस् । त्यसको कुनै एउटा पृष्ठ पल्टाउनुहोस् र सबैजनाले एउटा शब्द छान्नुहोस् । समुहमा मिलेर यी सबै शब्दहरू प्रयोग गरी एउटा वाक्य बनाउनुहोस् ।

यदि तपाईंको समुह धेरै ठुलो छ भने, तपाईंले वाक्यको सट्टा एउटा अनुच्छेद लेख्न सक्नुहुन्छ । तपाईंले सम्भाव्य वाक्यहरूबारे छलफल गर्न सक्नुहुन्छ वा तिनीहरूलाई लेख्न सक्नुहुन्छ ।

५. शब्दकोशको परिभाषाले कुनै शब्द *नामपद, क्रियापद* वा *विशेषण* के हो भन्ने कुरा बताउँछ ।
- एउटा *नामपद* लिनुहोस् र त्यसको चित्र बनाउनुहोस् ।
- एउटा *क्रियापद* लिनुहोस् र त्यसको अभिनय गरेर देखाउनुहोस् । के समुहले त्यो शब्द कुन हो अनुमान लगाउन सक्छ ?
- एउटा *विशेषण* लिनुहोस् र त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

नाम: नाउँ जनाउने शब्द
क्रिया: काम जनाउने शब्द
विशेषण: वर्णन गर्ने शब्द

Published by Elektra Media Ltd
Istambha Nepal

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# ३) विश्वकोशको प्रयोग

यस सत्रमा, अध्ययन समूहले एउटा बहुमुल्य वस्तुको खोजी गर्ने क्रियाकलापलाई पुरा गर्नेछ जसले तिनीहरूलाई विश्वकोश वा सन्दर्भ पुस्तकको हरेक पक्षमा संलग्न हुन सक्षम बनाउने छ । विद्यार्थीहरूले पुस्तकको शीर्षक, विषयसुची पृष्ठ, शब्दावली र सुचकांकको आधारमा गरिएका प्रश्नहरूको उत्तर दिनेछन् । यदि तपाईंको पुस्तकालयको विश्वकोशमा यी विशेषताहरूमध्ये कुनै एक छैन भने, तपाईंले तिनीहरूलाई छोडेर अगाडि बढ्न सक्नुहुन्छ । तपाईंसँग अतिरिक्त समय भएमा त्यहाँ चित्र बनाउने अतिरिक्त क्रियाकलाप पनि राखिएको छ ।

---

**सामग्री:**

- एउटा विश्वकोश वा सन्दर्भ पुस्तक
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)
- चित्र बनाउनको निम्ति विभिन्न रङ्गका कलमहरू र खाली पाना (ऐच्छिक)

---


**क्रियाकलापका निम्ति सुझावहरू:**

यस क्रियाकलापलाई स्वतन्त्र रूपमा, दुईजनाको समूहमा वा समूहमा पुरा गर्न सकिन्छ । कुनै नजानेका शब्दहरूलाई शब्दकोशमा खोज्नको निम्ति समूहलाई प्रोत्साहन गर्नुहोस् । तल उल्लिखित शब्दहरू जान्नु पनि उपयोगी हुनेछ:

विषयवस्तु पृष्ठ: पुस्तकको सुरुवातमा हुने पृष्ठ (हरू) जसले अध्यायहरू/खण्डहरू र तिनीहरूका पृष्ठ संख्यालाई उल्लेख गर्दछ(न्)

शब्दावली: मुख्य शब्दहरू र तिनीहरूको परिभाषाको वर्णानुक्रम अनुसारको सुची

सुचकांक: पुस्तकको पछाडिका पृष्ठहरू; मुख्य शब्दहरू र तिनीहरूको पृष्ठ संख्याको वर्णानुक्रम अनुसारको सुची


विश्वकोशको प्रयोग गर्नु
पाठ ५ ठुला बालबालिकाहरूका लागि कथाबाहेकका (गैह्रआख्यान) अन्य पाठ

विश्वकोशहरू र सन्दर्भ पुस्तकहरू विभिन्न शिर्षकहरूका बारेमा धेरै तथ्यहरूद्वारा भरिएका हुन्छन् । विषयसुचीहरू, सुचकांक र शब्दावली पृष्ठहरूले तपाईंलाई झनै सजिलोसँग निर्दिष्ट जानकारी प्राप्त गर्न सहायता गर्दछ । यस सत्रमा, तपाईंले पुस्तकालयबाट विश्वकोश वा सन्दर्भ पुस्तकहरूको प्रयोग गरी जानकारी प्राप्त गर्नुहुनेछ ।

विश्वकोशको अन्वेषण

पुस्तकालयबाट एउटा विश्वकोश वा सन्दर्भ पुस्तकलाई छान्नुहोस् र तल उल्लिखित प्रश्नहरूको जवाफ दिनुहोस् ।

यस क्रियाकलापलाई स्वतन्त्र रूपमा, जोडीमा वा पुरै समूहमा गर्न सकिन्छ ।

१. विश्वकोशलाई के भनिन्छ ?

२. विश्वकोश केको विषयमा हो भन्ने तपाईंलाई लाग्छ ?

३. विषयसुचीको पृष्ठलाई हेर्नुहोस् ।
- विश्वकोशमा कति अध्यायहरू वा शिर्षकहरू छन् ?
- तपाईंले पृष्ठ १२ मा के पाउनुहुन्छ ?

यदि तपाईंको विश्वकोशमा यी विशेषताहरूमध्ये कुनै एक छैन भने तपाईंले एउटा खण्डलाई छोड्न सक्नुहुन्छ ।

४. विश्वकोशको भित्र हेर्नुहोस् ।
- विश्वकोशमा कति वटा पृष्ठहरू छन् ?
- पृष्ठ २४ मा के छ ?
- विश्वकोशको कुनै एउटा पृष्ठलाई खोल्नुहोस् । त्यस पृष्ठमा कति वटा चित्रहरू छन् ?
- अर्को एउटा पृष्ठलाई छान्नुहोस् । कुनै एउटा तथ्य पत्ता लगाउनुहोस् जुन तपाईंको विचारमा रोचक छ ।

यदि तपाईंसँग समय छ भने, समुहले विश्वकोशबाट आफूलाई मनपर्ने चित्रलाई बनाउन सक्छन् ।

५. शब्दावलीलाई हेर्नुहोस् ।
- तेस्रो प्रविष्टिचाहिँ के हो ?
- अन्तिम प्रविष्टिचाहिँ के हो ?
- के तपाईंले कुनै नयाँ शब्दहरू सिक्नुभयो ? समूहमा ती शब्दहरूको सुची बनाउनुहोस् ।

६. सुचकांकलाई हेर्नुहोस् ।
- सुचकांकमा पाँचौ प्रविष्टि पत्ता लगाउनुहोस् । त्यो के हो र तपाईंले त्यसलाई कुन पृष्ठमा पाउन सक्नुहुन्छ ?

७. समूहमा, विश्वकोशको अध्ययन वा अन्वेषणद्वारा तपाईंले पाउनुभएको एउटा रोचक तथ्यलाई पालैपालो सबैलाई बताउनुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

Published by Elektra Media Ltd
Istambha Nepal

# ४) इन्टरनेटको प्रयोग

यस सत्रमा, अध्ययन समूहले नेपाल र अरू देशहरूबारे अनुसन्धान गर्नको निम्ति इन्टरनेटको प्रयोग गर्नेछन् । विद्यार्थीहरू पुस्तकालयबाट बाहिर नगइकन नै नेपाल र संसारभरका अरू देशहरूको अध्ययन गर्न गुगल नक्साको प्रयोग गर्नेछन् ! कुनै अर्को देशबारे जानकारीको अनुसन्धान गर्न पनि समूहले इन्टरनेटको प्रयोग गर्नेछन् ।

---

## सामग्री:

- इन्टरनेटको पहुँच भएको कम्प्युटर वा मोबाइल फोन
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)
- चित्र बनाउनको निम्ति विभिन्न रङ्गका कलमहरू र खाली पाना (ऐच्छिक)

---


## क्रियाकलापका निम्ति सुझावहरू:

१. छलफलका निम्ति सम्भाव्य प्रश्नहरू:
- के तपाईंले कहिल्यै इन्टरनेटको प्रयोग गर्नुभएको छ ?
- इन्टरनेट के-केको लागि प्रयोग गर्न सकिन्छ ?

२. दृश्यलाई ‘उपग्रह (Satellite )’ ढाँचामा परिवर्तन गर्नुहोस् र तपाईंले आफ्नो विद्यालयलाई ठुलो बनाई हेर्न सक्नुहुनेछ !

३. ठुला सहरहरूमा, तपाईंले त्यो सानो पहेँलो व्यक्तिलाई सारेर छोड्न सक्नुहुन्छ र त्यो क्षेत्रको वरिपरि ‘हिँड्न’ सक्नुहुन्छ । ठाउँहरूलाई समूहले पालैपालो खोज्न सक्छन् । यदि सबैको पालो आइसक्यो भने, विद्यार्थीहरूलाई तिनीहरू संसारको कहाँ जान चाहन्छन् भनेर सोध्नुहोस् !

४. मुख्य शब्दहरू र देशको नामको खोजी गरेर तपाईंले यो जानकारी प्राप्त गर्नुहोस् । तपाईंले आफ्ना खोजीहरूको एउटा पोस्टर बनाउन सक्नुहुन्छ !





elektra media Published by Elektra Media Ltd

Istambha Nepal

library NEPAL

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा अध्ययन कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@librarynepal.com

elektra media Published by Elektra Media Ltd
Istambha Nepal